# अन्तर्राष्ट्रिय फौज्दारी अदालत र वर्तमान सन्दर्भ

- कुमार शर्मा आचार्य

**विषय प्रवेश :**

मुलुकमा मानवअधिकारप्रति संवेदनशील सबै मानवअधिकार संघसंस्थाहरु र मानवअधिकारकर्मीहरुले निकै पहिलेदेखि मुलुकमा देखिएको दण्डहीनताको अन्त्य गर्न र दण्डहीनताको विरुद्ध भएका अन्तर्राष्ट्रिय प्रयासप्रति सचेत बनाउंदै जिम्मेवार बन्न नेपालले अन्तर्राष्ट्रिय फौज्दारी अदालतको सदस्यता ग्रहण गर्नु पर्ने कुरा निरन्तर रुपमा उठाउंदै आएका थिए । तर पूर्वको शाही सरकारले यो कुरा कोरा मजाक संझन पुग्यो, नागरिक समाजको उक्त कुरा सुनेन र मुलुकमा जन आन्दोलनको बेला व्यापक दमन गर्दै गयो । मुलुकमा दण्डहीनताको अवस्था समाप्त गर्नका लागि, मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानूनको उल्लंघनकर्ताहरुलाई सजाय दिलाउनका लागि, अमानवीय  र मानवता विरुद्धका क्रुर अपराधीहरुलाई दण्डित गर्नका लागि आवश्यक पर्ने निकायको ( अन्तर्राष्ट्रिय फौज्दारी अदालत) सदस्यता लिन जनआन्दोलनको प्रतिफल स्वरुप पुनर्स्थापित प्रतिनिधिसभाले मुलुकप्रति जिम्मेवार बन्दै भविष्यमा सबै सरोकारवालालाई नागरिक अधिकारको रक्षा गर्न नेपालले पनि रोम विधानलाई अनुमोदन गरी अन्तर्राष्ट्रिय फौज्दारी अदालतको सदस्यता ग्रहण गर्ने प्रस्ताव पारित गरेको धेरै भएको छैन । श्रावण ९ गते प्रतिनिधिसभाले सरकारलाई यो विषयमा निर्देशन दिई सकेको अवस्थामा अब अन्तर्राष्ट्रिय फौज्दारी अदालतको सदस्यताको विकल्प छैन । अनुमोदन भएको ६० औं दिनदेखि वाध्यात्मक कानूनको रुपमा लागु हुने यसको विषयमा सरकारी स्तरमा रहेको अन्यौल हटाउन र सकेसम्म चांडो रोम विधानलाई अनुमोदन गर्नका लागि पर्याप्त दवाव दिन नागरिक समाजको पहल आवश्यक छ ।

**अन्तर्राष्ट्रिय फौजदारी अदालतको परिचय**

यो एक स्वतन्त्र र स्थायी प्रकारको अन्तरराष्ट्रिय अदालत हो, यसले अन्तरराष्ट्रिय चासोका अति गम्भीर प्रकृतिका अपराध (परम्परागत रुपमा चलिरहेको जात, धर्म, वर्णको विषयमा हुने गरेका नरसंहारहरु),  मानवता विरुद्धका अपराध, युद्ध अपराध र हिंसात्मक गतिविधिको अपराध गरेका व्यक्तिमाथि मुद्दा चलाउंछ र दोषी करार गरी सजाय गर्छ । यो सन्धिका स्वीकार्य प्रावधानहरुमा आधारित हुन्छ । १७ जुलाई १९९८ मा १२० राष्ट्रले रोम विधानमा सहमति जनाएपछि अन्तर्राष्ट्रिय फौज्दारी अदालतको स्थापना भएको हो । यसको प्रावधान अनुसार ६० मुलुकले वैधानिक रुपमा अनुमोदन नगरे सम्म यो कृयाशील नहुने भएकाले १ जुलाई २००२ मा यो कार्यान्वनमा आएको हो, जसका अहिलेसम्म १०० मुलुकहरु सदस्य छन् । यसको कार्यालय नेदरल्याण्डको हेगमा रहेको छ । यो रोममै रहेको अन्तर्राष्ट्रिय न्यायालय भन्दा फरक छ । किनकि अन्तर्राष्ट्रिय अदालतले सदस्य राष्ट्रहरुको उजुरीमा अर्को सदस्य राष्ट्रका उपर उजुरी सुन्छ तर अन्तर्राष्ट्रिय फौज्दारी अदालतले कुनै व्यक्तिका विरुद्ध गैरसरकारी संस्था वा पीडितले उजुर गरेर यसको अधिकार क्षेत्र स्थापित गराउन सक्छन् ।

यो अन्तिम तहको अदालत हो र यसले राष्ट्रिय आपराधिक क्षेत्राधिकारको पूरकको रुपमा काम गर्दछ । राष्ट्रिय न्याय प्रणालीमा अनुसंधान र अभियोजन गरिएको विषयमा यसले काम गर्दैन तर यदि राष्ट्रिय अनुसन्धान विश्वसनीय छैन भने र एकजना व्यक्तिलाई आपराधिक दायित्वबाट बचाउनका लागि औपचारिक प्रकृयाको दुरुपयोगको गरिएको अवस्थामा यसले काम

गर्छ । यसले गम्भिर अपराधका आरोपी प्राकृतिक व्यक्तिहरुका उपरमात्र कारवाही गर्छ । यसले फौज्दारी न्यायका सर्वमान्य सिद्धान्तको आधारमा उच्च स्तरीय, स्वच्छ र उचित प्रकृयालाई अवलम्वन गर्दछ । यसका सबै क्षेत्राधिकार र कार्यविधिहरु रोम विधानबाट संचालित हुन्छन् ।

## अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापना

दोश्रो विश्वयुद्ध कालमा हिटलरका नाजीहरुले युद्धका नाममा गरेको नरसंहारको छानविन गरी दोषीलाई सजाय गरिएको न्यूरेम्वर्गमा ट्रायल र टोकियोमा युद्ध अपराधको छानविन गरिएको टोकियो ट्रायल पछि अन्तर्राष्ट्रिय रूपमा मानवता विरूद्ध गरिने गम्भीर फौजदारी अपराधहरूका दोषीहरूलाई सजाय गर्नका लागि  एउटा अन्तरराष्ट्रिय संरचनाको आवश्यकता महसूस गरिएको थियो ।

त्यति बेला युद्धअपराध मुद्दा चलाईएका सैनिकहरुले आफूले माथिल्लो अधिकारीको भनाईको आधारमा उक्त कार्य गरेको हुनाले आदेश दिने दोषी हो, आदेश मान्नेको त बाध्यता भएकोले उ दोषी होईन भन्ने तर्क उठेता पनि ती तर्कलाई अमान्य गर्दै मानवता विरोधी कुर व्यवहार कुनै पनि आधारमा क्षम्य नहुने भन्ने सिद्धान्तको आधारमा दोषीलाई सजाय गरियो । त्यसैले अहिले रोम विधानमा पनि आदेश दिने, कुनै अपराध भएको छ भन्ने जानी जानी मौन बस्ने वा त्यस्तो गैरकानूनी र मानवताविरोधी आदेशको परिपालना गर्ने अधिकारी, व्यक्ति तथा विद्रोहिका विरुद्ध संबन्धित मुलुकले मुद्दा चलाउन पाउनेमा मुद्दा नचलाएमा वा पर्याप्त ध्यान नदिएको भन्ने उजुरीको आधारमा यसले कारवाही गर्न सक्छ ।

संयुक्त राष्ट्रसंघको महासभाले अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापनाका लागि इटलीमा “संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रका प्रतिनिधिहरूको सम्मेलन” आयोजना गर्‍यो । संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरूमध्ये १२० राष्ट्रहरूले अन्तर्राष्ट्रिय फौजदारी अपराधका दोषीहरूलाई न्यायको कठघरामा ल्याउन अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापनाका लागि सहमत भए भने २१ राष्ट्रहरू अनुपस्थित भए र ७ राष्ट्रहरू अन्तर्राष्ट्रिय फौजदारी अदालत स्थापनाको विरूद्धमा रहे ।  १७ जुलाई १९९८ मा उक्त १२० राष्ट्रहरूले अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानमा सहमति जनाएपछि अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापना भएको हो । तर यसले गत वर्षबाट मात्रै अनुसन्धान शुरु गरेको छ ।

## क्षेत्राधिकार

कुनै पनि राज्यले रोम विधानलाई अनुमोदन नगरेसम्म यसले अधिकार क्षेत्र ग्रहण गर्दैन र राज्यले व्यक्तिगत अपराधको विषय पनि यसले अधिकार क्षेत्र भित्र पर्ने भनी घोषणा गरेको अवस्थामा यो अदालतको क्षेत्राधिकार सो राज्यप्रति स्थापित हुन्छ । राष्ट्रको न्यायिक प्रणाली असफल भएमा वा सरकार आफैं  त्यस्ता अपराधहरूमा सामेल भएमा वा अपराधीहरूको सत्ता र शक्तिका कारणले तिनीहरूलाई सजाय गर्न राज्यका अधिकारीहरू अनिच्छुक भएको अवस्थामा अन्तर्राष्ट्रिय फौजदारी अदालतले आफ्नो क्षेत्राधिकार प्रयोग गर्दछ । १८ वर्ष पूरा नगरेको नावालकका उपर यसले क्षेत्राधिकार ग्रहण गर्दैन । यसका अध्यक्ष (Presidency) सहित १८ न्यायाधीश रहेका छन्, पुनरावेदन विभाग, पुर्पक्ष विभाग, पूर्व पूर्पक्ष विभाग, अभियोक्ता (Prosecutor) को कार्यालय, प्रतिरक्षा, दर्ता (Registry) र पीडित र साक्षी ईकाई जस्ता महत्वपूर्ण विभागहरु रहेका छन् ।

अन्तर्राष्ट्रिय फौजदारी अदालतले हेर्न पाउने विषयहरु

१. **जनसंहार [Genocide]**: रोम विधानको धारा ६ अनुसार जनसंहार भन्नाले कुनै राष्ट्रिय, जनजाति, जातीय वा धार्मिक समूहलाई सम्पूर्ण वा आंशिकरूपले सखाप पार्ने उद्देश्यले गरिएका आमहत्या, समूहका सदस्यहरूलाई गम्भीर रूपमा शारीरिक तथा मानसिक हानिनोक्सानी पुऱ्याउने कार्य, सम्पूर्ण वा आंशिकरूपमा भौतिक संहार गर्न कुनै समूहमाथि नियतपूर्वक उनीहरूको परम्पराभन्दा फरक जीवनशैली अपनाउन बाध्य पार्ने कार्य, समूहका व्यक्तिलाई जन्मनिषेध गर्ने तथा मापदण्ड अपनाउन बाध्य पार्ने कार्य, एक समूहका बालबालिकालाई अर्को समूहमा जबरजस्ती स्थानान्तरण गर्ने कार्य, नरसंहार गर्न आदेश दिने, सहयोग गर्ने वा त्यस्तो काम गर्न बाध्य पार्ने व्यक्ति पनि सजायको भागिदार हुन्छ ।

२. मानवता विरूद्धको अपराध : भन्नाले रोम विधानको धारा ७ अनुसार व्यापक वा योजनाबद्ध आक्रमण भएमा, त्यस्ता कार्य जानाजानी नागरिक विरूद्ध निर्देशित (लक्षित) भएमा, राज्य वा सांगठनिक नीतिलाई लागु गर्ने क्रममा भएको अपराधमा यसले मुद्दा हेर्न सक्छ । त्यस्तै हत्या, दासता, यातना, सफाया अभियान, स्वेच्छाचारी तरिकाले स्वतन्त्रताबाट वञ्चित गर्ने, जनसंख्याको जबरजस्ती स्थानान्तरण वा विस्थापन, बलात्कार, यौन दासता, जबरजस्ती वेश्यावृत्ति, जबरजस्ती गर्भधारण तथा बन्ध्याकरण, वा अन्य कुनै प्रकारको यौन हिंसा, जबरजस्ती वेपत्ता पारिनु, रंगभेद, विश्वव्यापी रूपमा अन्तर्राष्ट्रिय कानुनद्वारा बन्देज गरिएका राजनीतिक, जातीय, राष्ट्रिय जनजातीय, साँस्कृतिक, धार्मिक, लैङ्गिक वा अन्य कुनै आधारमा गरिने दमन तथा यस्तै अन्य अमानवीय कार्यहरू जो जानाजानी ठूलो क्षति पुऱ्याउने वा शारीरिक, मानसिक तथा स्वास्थ्यमा गम्भीर क्षति पुऱ्याउनका लागि गरिएको अपराधलाई बुझाउंछ ।

३. युद्ध अपराधः युद्ध अपराध भन्नाले १२ अगस्त सन् १९४९ का जेनेभा महासन्धिहरूको व्यापक उल्लंघन र सशस्त्र द्वन्द्वमा लागु हुने अन्तर्राष्ट्रिय कानुनहरू र त्यसँग सम्बन्धित प्रथाजनित कानुनको गम्भीर उल्लंघनका अपराधलाई युद्धअपराध भनिन्छ । युद्ध अपराधको अभियोग लागेका व्यक्तिहरूलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतले युद्ध अपराधमध्ये जेनेभा महासन्धिको ( मनसायप्रेरित हत्या, स्वास्थ्य वा शरीरमा गम्भीर आधात पर्ने गरी भएको मनसाय प्रेरित कार्यलगायत यातना तथा अमानवीय व्यवहारहरू, जथाभावि र कानुन विपरीत सैन्य आवश्यकताले औचित्यपूर्ण नठहरिने सम्पत्ति नष्ट गर्नु, युद्धबन्दी वा अन्य संरक्षित व्यक्तिलाई जबरजस्ती सेवा गर्न बाध्य पार्नु, स्वेच्छाचारी तरिकाले युद्धबन्दी वा अन्य संरक्षित व्यक्तिको निष्पक्ष न्याय पाउने अधिकारबाट वञ्चित गर्नु, गैरकानुनी विस्थापन वा स्थानान्तरण वा थुना गर्नु र बन्धक बनाउनु ) गम्भीर उल्लंघन गर्ने व्यक्तिलाई कारवाही गर्दछ ।

त्यस्तै सशस्त्र द्वन्द्वमा लागु हुने अन्तर्राष्ट्रिय कानुनहरू तथा अन्य त्यस्तै प्रकारका प्रथाजनित कानुनको गम्भीर उल्लंघन (गैरसैनिक व्यक्तिमाथि निर्देशित (लक्षित) रूपमा अत्यधिक क्षति तथा चोट पुग्ने आक्रमण, सैन्य उद्देश्यभन्दाबाहेकका जस्तै विद्यालय, अस्पताल, ऐतिहासिक स्मारक, धार्मिक केन्द्रहरूलगायत सार्वजनिक संरचनामाथिको आक्रमण, सैन्य आवश्यकताले औचित्यपूर्ण नठहरिने शत्रु पक्षको सम्पत्ति कब्जा तथा नष्ट गर्नु, युद्धमा निषेधित तरिका प्रयोग गर्ने जस्तो युद्धविरामको झण्डा, संयुक्त राष्ट्रसंघ तथा शत्रुको चिन्ह, रेडक्रस संकेतको दुरूप्रयोग, युद्धमा निषेधित विषजन्य हतियारको प्रयोग, १५ वर्ष मुनिका बालबालिकालाई सेनामा भर्ना गर्नु,

मानव ढालको प्रयोग गर्नु, नागरिकलाई भोकै राखी युद्धमा प्रयोग गर्नु) जस्ता अपराधहरुमा यसले सुनुवाई गर्दछ ।

अन्तरराष्ट्रिय सशस्त्र द्वन्द्वको अवस्थामा यी कार्यहरु पनि (गैरसैनिक व्यक्तिमाथि निर्देशित ( लक्षित) रूपमा अत्यधिक क्षति तथा चोट पुग्ने आक्रमण, सैन्य उद्देश्यभन्दाबाहेकका जस्तै विद्यालय, अस्पताल, ऐतिहासिक स्मारक, धार्मिक केन्द्रहरूलगायत सार्वजनिक संरचनामाथिको आक्रमण, सैन्य आवश्यकताले औचित्यपूर्ण नठहरिने शत्रु पक्षको सम्पत्ति कब्जा तथा नष्ट गर्नु, युद्धमा निषेधित तरिका प्रयोग गर्ने जस्तो युद्धविरामको झण्डा, संयुक्त राष्ट्रसंघ तथा शत्रुको चिन्ह, रेडक्रस संकेतको दुरूप्रयोग, युद्धमा निषेधित विषजन्य हतियारको प्रयोग, १५ वर्ष मुनिका बालबालिकालाई सेनामा भर्ना गर्नु, मानव ढालको प्रयोग गर्नु, नागरिकलाई भोकै राखी युद्धमा प्रयोग गर्नु) अन्तर्राष्ट्रिय फौजदारी अदालतको क्षेत्राधिकार भित्र पर्दछन् ।

त्यस्तै आन्तरिक सशस्त्र व्दन्दमा जीवनमाथिको हिंसा, हत्या, यातना तथा क्रुर अपमानजनक व्यवहार, आत्मसम्मान माथिको आक्रमण विशेष गरी क्रूर तथा अपमानजनक व्यवहार, बन्धक बनाउनु, अदालतको फैसला पूर्व नै दण्डको निर्णय गर्नु यसको दायरामा आउंछ । यसका साथै आन्तरिक सशस्त्र द्वन्द्वको समयमा गैरसैनिक नागरिक माथि लक्षित गरी गरिएको आक्रमण, सार्वजनिक संरचनाहरू जस्तै अस्पताल, यातायात, शैक्षिक संस्था, ऐतिहासिक स्मारकहरू आदि माथिको आक्रमण, आक्रमणबाट कब्जामा लिईसकेपछि पनि शहर तथा गाउँमा लुटपाट मच्चाउनु, बलात्कार, यौनदासता, जबरजस्ती वेश्यावृत्ति, जबरजस्ती गर्भधारण तथा बन्ध्याकरण र अन्य प्रकारका यौन हिंसा, १५ वर्षमुनिका बालबालिकालाई सशस्त्र सेना वा समूहमा भर्ना गर्नु वा युद्धका गतिविधिमा सहभागी गराउनु, सुरक्षा वा सैनिक आवश्यकताको औचित्यबिना नागरिकहरूलाई विस्थापन हुन आदेश गर्नु, सैनिक आवश्यकताको औचित्यबिना शत्रु पक्षको सम्पत्ति नष्ट गर्नु वा कब्जामा लिनु, शत्रु पक्षको व्यक्तिलाई मृत्यु, **अङ्गभङ्ग** वा स्वास्थ्यलाई गम्भीर क्षति पुऱ्याउने कुनै पनि किसिमको वैज्ञानिक तथा स्वास्थ्य परीक्षण गराउनु जस्ता अपराधहरु यसको सीमा क्षेत्रभित्र पर्दछन् ।

४. <u>आक्रमणको अपराधः</u> आक्रमणको अपराधको परिभाषा के हुने र यस अन्तर्गत कस्ता कस्ता अपराध तथा कार्यहरू समावेश हुने भनी अहिले पनि छलफल भइरहेको छ । यसको परिभाषा, आवश्यक तत्व र आक्रमणको अपराधको क्षेत्राधिकार सम्बन्धी कार्य गर्न सन् २००२ मा एक विशेष कार्यदल गठन गरिएको छ ।

<u>कसले उजुर गर्न पाउंछ ?</u>

यसको अभियोक्ता (Prosecutor) मार्फत राज्य, व्यक्ति, राष्ट्रिय/अन्तर्राष्ट्रिय गै.स.स., संयुक्तराष्ट्र संघले यो अदालतमा उजुर गर्न पाउंदछन् । राज्यले अन्तर्राष्ट्रिय फौज्दारी अदालतको लागि निर्मित रोम विधानको अनुमोदन गर्नु भन्दा पहिले उक्त राज्यमा भए गरेका अपराधहरुको विषयमा यसमा उजुर नलाग्ने व्यवस्था छ तर अपबादको रुपमा रोम विधानलाई अनुमोदन नगरेको मुलुकले निश्चित समयमा भएका खास प्रकारका व्यक्तिलाई सजाय गराउनका लागि रोम विधानको अनुमोदन गरेको अवस्थामा सो मुलुकको विशेष अनुरोधमा सुरक्षा परिषद्ले सिफारिस गरेको अवस्थामा सो मुलुकका रोम विधान अनुमोदन हुनु अघिका अपराधहरु पनि यसमा दर्ता हुन सक्छन् । यस्मा जुन देशमा अपराध भएको छ त्यो देशले रोम विधान अनुमोदन गरेको भए वा अपराधको अभियोग लागेको व्यक्ति जुन देशको नागरिक हो त्यो देशमध्ये कुनै एक वा दुवै देश रोम विधानका पक्ष छन् भने ती देशले उक्त अपराधीका विरुद्ध कारवाही गराउन सक्छन् ।

## अन्तर्राष्ट्रिय फौजदारी अदालतको सञ्चालन

दण्डहीनताको निषेधः अन्तर्राष्ट्रिय फौजदारी अदालतमा परेका उजुरीहरुको सुनुवाई पछि दोषीहरूलाई कुनै पनि प्रकारको माफी, उन्मुक्ति नदिने भएकाले यसको अनुमोदनपछि दण्डहीनताको अन्त्य हुने विश्वास गर्न सकिन्छ । यसले फौज्दारी न्यायका सर्वमान्य सिद्धान्तको आधारमा काम गर्ने भएको हुनाले अदालती कारवाहीमा निष्पक्षता र कानुनको उचित प्रक्रिया अपनाईन्छ । यसले कसैलाई पनि मृत्युदण्डको सजाय दिन पाउँदैन र पीडित तथा साक्षीको सुरक्षा गर्ने जिम्मेवारी लिएको हुन्छ । यसले ३० बर्ष सम्मको कारावास, अपराधबाट आर्जित सम्पत्ति जफत गर्ने र पीडितलाई क्षेतिपूर्ति दिने हद सम्मको फैसला गर्न सक्छ ।

यसले गरेको पहिलो Democratic Republic of Congo का राष्ट्रपतीको पत्रको आधारमा 17 March 2006 मा Thomas Lubanga Dyilo नामका FPLC का प्रमुखलाई पक्राउ गरी हेगमा पठाईयो । उनले युद्धअपराध गरेको, १५ बर्ष भन्दा कमका केटाकेटीलाई आफ्नो सैन्यमा भर्ना गरी युद्धमा सरिक गराएको आरोप लगाईएको छ । त्यस्तै सो अदालतले Uganda को सरकारले १९८६ मा भएको घटनामा सुनुवाई गर्न गरेको अनुरोधलाई ( १ जुलाई २००२ भन्दा पहिलेको भएको यसको कार्यक्षेत्र भित्र नपर्ने देखिएता पनि) अभियोक्ताको सिफारिसमा ५ जना LRA का नेताहरुलाई वारेन्ट जारी गरिएको छ र हालै २००५ मा सुरक्षा परिषद्को सिफारिसमा Central African Republic सरकारको अनुरोधमा सुडानको डारफरको घटनाको छानविन भै रहेको छ ।

## अन्तर्राष्ट्रिय फौजदारी अदालतमा संयुक्त राष्ट्रसंघको भूमिका

अन्तर्राष्ट्रिय फौजदारी अदालत राष्ट्रहरूद्वारा छुट्टै विधान बनाई गम्भीर अन्तर्राष्ट्रिय फौजदारी अपराधका दोषीहरूलाई सजाय गर्न स्थापना गरिएको यो अदालतले सदस्य राष्ट्रहरुले गरेको सहमतिको आधारमा सुरक्षापरिषदले अन्तर्राष्ट्रिय फौजदारी अदालतमा रोम विधानले परिभाषित गरेका त्यस्ता अपराधहरूमा सजायका लागि सिफारिस गर्न सक्दछ । यसरी सुरक्षापरिषदले सिफारिस गरी पठाएका कुराहरू संयुक्त राष्ट्रसंघका सबै सदस्यहरूले रोम विधानलाई अनुमोदन गरेको भए पनि र नभए पनि अन्तर्राष्ट्रिय फौजदारी अदालतको क्षेत्राधिकार बाध्यात्मक हुन्छ । यो राष्ट्र संघको छाता मुनी रहने भएकोले यसको काम कारवाहीमा सदस्य राष्ट्रको ईच्छा र पहुंचको प्रभाव पर्ने सक्ने भएकोले यो आलोचना मुक्त भने छैन । सदस्य राष्ट्रले आफ्नो कानूनमा ICC लाई अपराधी पकाउ गर्न, समर्पण (Surrender) गर्न सहयोग गर्ने कानूनी व्यवस्था गर्नुको साथै अनुसंधान, प्रमाणको सुरक्षा, साक्षी र पिडितको सुरक्षा गर्न र आफ्नो राष्ट्रको कारागारमा राख्न सहयोग गर्नु पर्दछ ।

## उपसंहारः

नेपालमा २०१७ सालमा बासुदेब प्रसाद ढुङ्गानाको संयोजकत्वमा गठित आयोग, २०४७ सालको मल्लिक आयोग र हालको रायमाझी आयोग नेपालमा राज्य पक्षबाट भएका हत्या र दमनका दोषीहरु पत्ता लगाउने र तिनलाई दण्ड दिने सरकारी प्रयासको नमूना हुन् । राजनीतिक परिवर्तन संगै आयोग गठन हुने र आन्दोलनको राप सेलाएको अवस्थामा यस्ता आयोगका सिफारिस निष्कृय बन्नुले नेपालमा दण्डहीनता बढ्दै गएको र त्यस्ता कसूरदार स्वयं सरकारमा पुग्ने गरेको

कारणले दण्डहीनताले संरक्षण पाएको देखिन्छ । अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन गरेपछि राज्य पक्षबाट भएका मानवता विरुद्धका ज्यादतीहरु र सशस्त्र विद्रोहको नाममा संलग्न अपराधीहरु माथि कारवाही हुन सक्नेछ । त्यसपछि अपराध गर्न आदेश दिने र आदेश पालन गर्ने व्यक्तिले अपराधको औचित्य पुष्टि गर्दै सोको आधारमा माफी पाउन सक्ने अवस्था रहने छैन । यसको अनुमोदनपछि मुलुकमा व्याप्त दण्डहीनताको अन्त्य गरी कानुनी राज्यको स्थापना हुनेछ, दण्डहीनता विस्तारित हुन पाउने छैन र नरसंहार, मानवताविरूद्धका अपराध र युद्ध अपराधजस्ता कार्य हुनबाट रोकिने छ, अन्तर्राष्ट्रिय समुदायसँग समझदारी कायम राख्न सकिने छ, अन्तर्राष्ट्रिय समुदायसँग गरेको प्रतिबद्धतालाई वास्तविकतामा परिणत गर्न राज्य र राज्यका नागरिक बाध्य हुने परिस्थिति आउने भएकाले यसको अनुमोदनमा ढिलाई हुन नदिन नागरिक समाजले अझै बल लगाउनुको विकल्प छैन ।

विस्तृत जानकारीको लागि

- http://www.icc-cpi.int The ICC website
- http://www.un.org/icc Background on the ICC and preparatory documents
- http://www.iccnow.org/ The Coalition for the ICC. Over 1000 NGO members, Secretariat in the Hague